निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref:

# प्रेस विज्ञप्ति

मिति : २०७६/७/२५

## प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्ने ।

काठमाडौं, कार्तिक २५ ।

संवत् २०७६ साल मङ्सिर १४ गते सम्पन्न हुने उपनिर्वाचन सम्बन्धमा निर्वाचन आयोग, नेपालबाट स्वीकृत भएको कार्यतालिका अनुसार कास्की जिल्ला निर्वाचन क्षेत्र नं. २ प्रतिनिधि सभा सदस्यको रिक्त पदमा र भक्तपुर जिल्ला निर्वाचन क्षेत्र नं. १ को १, बागलुङ जिल्ला निर्वाचन क्षेत्र नं २ को २ र दाङ जिल्ला निर्वाचन क्षेत्र नं. ३ को २ मा प्रदेश सभा सदस्य निर्वाचनका लागि उम्मेदवारहरूलाई निर्वाचन चिन्ह प्रदान गर्ने कार्यक्रम आज मिति २०७६ साल कार्तिक २५ गते सम्पन्न भएको छ ।

कास्की जिल्ला प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं. २ को लागि उम्मेदवारको अन्तिम नामावली प्रकाशनमा नाम समावेश भएका राजनीतिक दलका ११ र स्वतन्त्र १० गरी २१ जना उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्ने कार्य सम्पन्न भएको छ ।

त्यसैगरी, भक्तपुर जिल्ला प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र नं. १ को १ को लागि उम्मेदवारको अन्तिम नामावली प्रकाशनमा नाम समावेश भएका राजनीतिक दलका ९ र स्वतन्त्र १० गरी १९ जना उम्मेदवार, बागलुङ जिल्ला प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र नं. २ को २ को लागि उम्मेदवारको अन्तिम नामावली प्रकाशनमा नाम समावेश भएका राजनीतिक दलका ८ र स्वतन्त्र २ गरी १० जना उम्मेदवार र दाङ जिल्ला प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र नं ३ को २ को लागि उम्मेदवारको अन्तिम नामावली प्रकाशनमा नाम समावेश भएका राजनीतिक दलका १२ र स्वतन्त्र २ गरी १४ जना उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्ने कार्य सम्पन्न भएको छ ।

प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्यमा राजनीतिक दलका उम्मेदवारहरूलाई सम्बन्धित राजनीतिक दलको निर्वाचन चिन्ह र स्वतन्त्र उम्मेदवारहरूलाई स्वतन्त्र उम्मेदवारको लागि निर्धारण गरिएको निर्वाचन चिन्ह मध्येबाट प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य उपनिर्वाचन निर्देशिका, २०७६ को दफा ४६ बमोजिम निर्वाचन चिन्ह प्रदान गरिएको छ ।

प्रतिनिधि सभा सदस्यको १ र प्रदेश सभा सदस्यको ३ रिक्त पदका लागि पुरुष उम्मेदवार ५५ र महिला उम्मेदवार ९ गरी ६४ जना उम्मेदवारहरूलाई सम्बन्धित मुख्य निर्वाचन अधिकृतको कार्यालयहरूमा निर्वाचन चिन्ह प्रदान गर्ने कार्य सम्पन्न भयो ।

०७६/७/२५

(राजकुमार श्रेष्ठ)
सहसचिव एवं प्रवक्ता


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्सः (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np